# "प्राकृतिक प्रकोप प्रभावित जिल्लाहरुमा पशु सेवासंग सम्बन्धित तत्कालिन राहत कार्यक्रम संचालन कार्यविधि, २०७२"

नेपाल सरकार (माननीय मन्त्री स्तर) मिति २०७२।२।१९ को निर्णय अनुसार स्वीकृत

**प्रस्तावनाः**

२०७२ वैशाख १२ गते गएको विनाशकारी महाभुकम्प तथा तत्पश्चातका पराकम्पन कारणबाट मरेका पशुपंक्षीहरुको व्यवस्थापन, पशुपंक्षीहरुको उद्धार र व्यवस्थापन, घाइते विरामी पशुहरुको उद्धार एवं उपचार र पशुपंक्षीहरुमा हुन सक्ने महामारी रोग नियन्त्रण तथा उद्धार गरिएको पशुपंक्षीहरुलाई तत्काल दानापानी एवं अस्थायी आश्रयको लागि पाल आदि व्यवस्थापन गर्न वाञ्छनीय भएकोले उपरोक्त कार्यहरु प्राकृतिक प्रकोप प्रभावित क्षेत्रमा यथाशिघ्र तत्कालिन राहत कार्यक्रम संचालनका लागि यो कार्यविधि निर्माण गरिएको छ ।

## परिच्छेद १

**१. सक्षिप्त नाम र प्रारम्भ :**

१. यस कार्यविधिको नाम **"प्राकृतिक प्रकोप प्रभावित जिल्लाहरुमा पशु सेवासंग सम्बन्धित तत्कालिन राहत कार्यक्रम संचालन कार्यविधि, २०७२"** हुनेछ ।

२. यो कार्यविधि नेपाल सरकार, कृषि विकास मन्त्रालयले स्वीकृत गरे पश्चात तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेका, यस कार्यविधिमा :**

१. "पशुपंक्षी" भन्नाले जुनसुकै प्रकारको पाल्तु जनावर र पंक्षी सम्झनु पर्दछ ।

२. "राहत कार्यक्रम" भन्नाले सरकारले दैवी प्रकोप घोषणमा परेका प्रभावित जिल्लाहरुमा पशु सेवा संग सम्बन्धित तत्कालिन राहत कार्यक्रम सम्झनु पर्दछ । सो कार्यक्रम अन्तर्गत मरेका पशुपंक्षीको सिनो व्यवस्थापन, निसंक्रमण गर्ने, घाइते पशुको उपचार, महामारी रोग रोकथाम तथा नियन्त्रण, पशुवस्तुलाई गर्मी तथा वर्षातबाट बचाउन पाल तथा अन्य स्थानिय सामग्री प्रयोग गरि तयार हुने अस्थायी आश्रय स्थल र प्रभावित पशुपंक्षीलाई दानापानी, भाडाकुडाको व्यवस्थापन आदि पर्नेछन्।

३. कार्यालय भन्नाले प्राकृतिक प्रकोप प्रभावित जिल्लाहरुको जिल्ला पशु सेवा कार्यालयहरु सम्झनु पर्दछ ।

४. सेवाकेन्द्र भन्नाले जिल्ला पशु सेवा कार्यालय अन्तरगतका पशु सेवा केन्द्र भन्ने वुझनु पर्दछ।

५. "प्राकृतिक प्रकोप" भन्नाले भुकम्प,वाढी, पैह्रो, आगलागी, आँधीबेरी तथा पशुपंक्षी रोगको महामारी आदि अवस्थाका प्राकृतिक प्रकोप लाई वुझाउछ ।

**३. कार्यक्रम संचालनको उद्देश्य:**

यो कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछ :

१. प्राकृतिक प्रकोप प्रभावित जिल्लाहरुमा पशु सेवा सम्बन्धी तत्कालिन राहत कार्यक्रम संचालन गर्ने ।

२. प्राकृतिक प्रकोप कारण पशुधन तथा पशुजन्य उत्पादन तथा उत्पादकत्वमा हुन सक्ने थप क्षतीलाई न्यूनिकरण गर्ने तथा राहत कार्यमा सम्बन्धित सरोकारवालाहरुलाई समेत जिम्मेवारी सहित स्वतस्फुर्त रुपमा परिचालन गर्ने गराउने ।

## परिच्छेद २

## कार्यक्रम संचालन प्रक्रिया

४. संकटग्रस्त क्षेत्र घोषणा भएका जिल्ला / क्षेत्र लाई प्राथमिकता मा राखी ,अन्य कम प्रभावित जिल्ला / क्षेत्र हरुमा समेत पशु सेवासंग सम्बन्धित राहत कार्य संचालन गरिनेछ । प्रभावित जिल्लाको प्राथमिकता क्रम केन्द्रिय / जिल्ला दैवी प्रकोप उद्धार समितिबाट संकलित तथ्यांक आधारमा पशु सेवा विभागले तोके अनुसार हुनेछ ।

५. राहत कार्यक्रमलाई थप प्रभावकारी वनाउन जिल्ला पशु सेवा कार्यालय तथा जिल्ला स्थित जिल्ला दैवी प्रकोप उद्धार समितिबाट संकलित तथ्यांकलाई आधार मानी कार्यक्रम संचालन गरिनेछ ।

६. राहत कार्यक्रम संचालन गर्दा पशु सेवा विभागका कार्यक्रम निर्देशनालयहरु, सम्बन्धित क्षेत्रिय पशु सेवा निर्देशनालयहरु तथा सम्बन्धित जिल्ला पशु सेवा कार्यालयहरुसंग समन्वय गरि संचालन गरिनेछ ।

## परिच्छेद ३

## कार्यक्रम कार्यान्वयन र संचालन

७. प्रभावित जिल्लामा राहत कार्यक्रम सम्बन्धित जिल्ला पशु सेवा कार्यालय मार्फत कार्यान्वयन गरिनेछ र सो राहत कार्यक्रम अन्तर्गत जिल्ला पशु सेवा कार्यालय मार्फत गरिने क्रियाकलाप देहाय बमोजिम हुनेछ ।

(क) राहत कार्यक्रमका लागि छनौट भएका कार्यालयले राहत कार्यक्रम संचालन गर्नका लागि सो क्षेत्रमा पशुपंक्षीमा भएको क्षती एकिन गरी प्राथमिकताको आधारमा पशु पालक कृषकहरुलाई राहत कार्यक्रम प्रदान गरिने छ । सो कार्यक्रम गर्नु पूर्व आवश्यकता अनुसार सरोकारवालाहरुसंग समन्वय गरी कार्यक्रम संचालन गर्नु पर्नेछ ।

(ख) राहत कार्यक्रम संचालन गर्दा जिल्ला पशु सेवा कार्यालयले सम्बन्धित जिल्ला दैवी प्रकोप उद्धार समिति संग समन्वयन गर्नु पर्नेछ ।

(ग) राहत कार्यक्रम संचालन समय र तालिकाको विवरण जिल्ला पशु सेवा कार्यालयले पशु स्वास्थ्य निर्देशनालय, क्षेत्रीय पशु सेवा निर्देशनालय र पशु सेवा विभागलाई जानकारी गराउनु पर्नेछ ।

(घ) राहत कार्यक्रम संचालन गर्दा जिल्ला पशु सेवा कार्यालयहरुले कार्यालयमा कार्यरत कर्मचारीहरुको नेतृत्वमा सम्बन्धित पशु सेवा केन्द्रहरुको समन्वयमा राहत कार्यक्रम परिचालन गर्नु पर्नेछ ।

(ङ) राहत कार्यक्रम सम्पन्न भएको प्रगति विवरण सम्वन्धित कार्यक्रम निर्देशनालयहरु र क्षेत्रीय पशु सेवा निर्देशनालयहरुमा पठाउनु पर्नेछ ।

(च) केन्द्रिय दैवी प्रकोप समिति र कृषि विकास मन्त्रालयवाट राहत सम्वन्धमा प्राप्त हुने निर्देशनलाई पालना गर्नु पर्नेछ ।

## परिच्छेद ४

## औषधि तथा राहत सामाग्री व्यवस्थापन

८. विपतमा परेका कृषकका पशुपंक्षीलाई तत्काल राहत सामाग्रीहरु उपलब्ध गराउन पर्ने भएकाले सार्वजनिक खरिद ऐनको दफा ६६ र नियमावलीको नियम १४५ एवं सार्वजनिक खरिद ऐन, २०६३ लाई संशोधन गर्न बनेको अध्यादेश, २०७१ को दफा ४१ को संशोधन (खण्ड घ३) बमोजिम खरिद गरिनेछ ।

९. पशुपंक्षीहरुको लागि राहत कार्यक्रमका लागि आवश्यक औषधि तथा अन्य राहत सामाग्री पशु स्वास्थ्य निर्देशनालयबाट खरिद गरी सम्बन्धित जिल्ला पशु सेवा कार्यालयहरुलाई उपलब्ध गराइने छ ।

१०. जिल्ला पशु सेवा कार्यालयलाई राहत कार्यक्रम कार्यान्वयन गर्न पशु स्वास्थ्य निर्देशनालयबाट पेश्की रकम उपलब्ध गराउने छ । उपलब्ध कार्यक्रमको पेश्की रकम जिल्ला पशु सेवा कार्यालयले प्रचलित नियम अनुसार खर्च गर्नु पर्नेछ ।

११. जिल्ला पशु सेवा कार्यालयले प्राप्त गरेको औषधि तथा राहत सामाग्रीहरु दाखिला गरि, प्रभावित स्थानहरुका पशुपालक कृषकहरुलाई उपलब्ध गराउने छ र सो सामाग्रीहरु वुझाएको भरपाईको सम्भव भए सम्म मिति र समय उल्लेखित फोटो सहित एक प्रति पशु स्वास्थ्य निर्देशनालयलाई पठाउनु पर्नेछ ।

## परिच्छेद ५

## अनुगमन तथा रिपोटिङ

१२. राहत कार्यक्रमको प्रगती विवरण जिल्ला पशु सेवा कार्यालयले सम्बन्धित जिल्ला दैवी प्रकोप उद्धार समिति, पशु स्वास्थ्य निर्देशनालय र पशु सेवा विभागलाई अनिवार्य रुपमा पठाउनु पर्नेछ ।

१३. राहत कार्यक्रमको अनुगमन तथा पृष्ठपोषण सम्बन्धित जिल्ला पशु सेवा कार्यालयहरु, क्षेत्रिय पशु सेवा निर्देशनालय, कार्यक्रम निर्देशनालयहरु, पशु सेवा विभाग तथा कृषि विकास मन्त्रालयबाट गरिनेछ ।